आज मिति २०८३ साल श्रावण महिनाको २९ गते शुक्रबारको दिन बिहान ८:०० बजे यस धुनिबेशी नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६८ औं बैठक बसी निम्नानुसारको उपस्थितिमा बैठकका प्रस्तावहरु माथि छलफल गरियो।

<u>उपस्थित:-</u>

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बाल कृष्ण आचार्य | नगर प्रमुख | |
| २ | सुरज उप्रेती | नगर उप-प्रमुख | |
| ३ | मान बहादुर तामाङ | १ नं. वडा अध्यक्ष | |
| ४ | लक्षजित तामाङ | २ नं. वडा अध्यक्ष | |
| ५ | प्रकाश हमाल | ३ नं. वडा अध्यक्ष | |
| ६ | हरि प्रसाद सुवेदी | ४ नं. वडा अध्यक्ष | |
| ७ | विसाल भट्टराई | ५ नं. वडा अध्यक्ष | |
| ८ | रमेश प्रसाद आचार्य | ६ नं. वडा अध्यक्ष | |
| ९ | यदु नाथ पाठक | ७ नं. वडा अध्यक्ष | |
| १० | राम कृष्ण रेग्मी | ८ नं. वडा अध्यक्ष | |
| ११ | माधव प्रसाद सिलवाल | ९ नं. वडा अध्यक्ष | |
| १२ | सरिता शाही ठकुरी | कार्यपालिका सदस्य | |
| १३ | रिता कुमारी अधिकारी (रेग्मी) | कार्यपालिका सदस्य | |
| १४ | विना मिजार | कार्यपालिका सदस्य | |
| १५ | सावित्री मिजार | कार्यपालिका सदस्य | |
| १६ | सानु मैया काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | नविन सुनार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण भुजेल | कार्यपालिका सदस्य | |
| १९ | राम शरण सदाशंकर | कार्यपालिका सदस्य | |
| २० | विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

<u>सहयोगी कर्मचारी:-</u>

१। गोविन्द प्रसाद पौडेल — वरिष्ठ लेखा अधिकृत

२। श्यामसुन्दर पाण्डे — अधिकृत

३। राधाकृष्ण पाठक — कम्प्युटर अपरेटर

Scanned with CamScanner

**मिति २०८३ साल श्रावण २९ गते बसेको नगरकार्यपालिकाको ६८ औं बैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१२ मिति २०८३।०४।१४ को पत्रका सम्बन्धमा ।

२) करार सेवा नविकरण (म्याद थप) सम्बन्धमा ।

३) धुनिबेशी नगरपालिका वडा नं.२ ठूलोखोला स्थित सार्वजनिक स्थलमा निर्माण भएको घर टहरा हटाउने सम्बन्धमा ।

४) पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संसोधन-२०८३) का सम्बन्धमा ।

५) आ.व. २०८३।०८४ का लागि जिल्ला दररेट सम्बन्धमा ।

६) धुनिबेशी न.पा.वडा नं.९ मा रहेको सिता श्री ग्याँस उद्योगमा डिप बोरिङ गर्ने सम्बन्धमा ।

७) भुक्तानि दिन बाँकी दायित्वका सम्बन्धमा ।

८) आ.व.२०८२।०८३मा ठेक्का मार्फत संचालित योजनाहरुको म्याद थप सम्बन्धमा ।

९) शिक्षा शाखाबाट प्राप्त प्रस्तावहरुका सम्बन्धमा ।

क) सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिलाई पूर्णता दिने सम्बन्धमा ।

ख) स्थानीय आवधिक शैक्षिक योजना निर्माण गर्ने सम्बन्धमा ।

ग) विद्यालय कर्मचारी तथा शिक्षकहरुको सेवा सुविधा थप गर्ने सम्बन्धमा ।

घ) विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान गर्ने सम्बन्धमा ।

१०) कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८३ सम्बन्धमा ।

११) पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ सम्बन्धमा ।

१२) विविध

- क) लालिगुराँस बाख्रापालक कृषक समुह दर्ता खारेजीका सम्बन्धमा ।
- ख) करार सेवामा कार्यरत कर्मचारीहरुलाई महंगीभत्ता उपलब्ध गराउने सम्बन्धमा ।
- ग) इन्स्योर थ्रो वेष्ट कम्पनी प्रा.लि. संचालन अनुमति सम्बन्धमा ।
- घ) धुनिबेशी न.पा. भित्रका उद्योग, व्यवसायको दर्ता तथा नविकरणका लागि घुम्ती टोली परिचालन सम्बन्धमा ।
- ङ) धुनिबेशी नगरपालिकाको व्यवसायिक बंगुर फर्म दर्ता तथा सञ्चालन मापदण्ड-२०८३का सम्बन्धमा ।
- च) कानूनी सल्लाहकारले सेवा सम्झौता नविकरण गरी पाउँ भनि पेश गरेको निवेदनका सम्बन्धमा
- छ) बढुवा नियुक्ति र पदस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय नं.१**

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समितिको कार्यालय, धादिङबाट प्रेषित च.नं.१२ मिति २०८३।०४।१४ को पत्र उपर छलफल गर्दा गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिकाको वर्गिकरणको पुनरावलोकन



CS Scanned with CamScanner

सम्वन्धी मापदण्ड-२०८३ को दफा ६ (क) मा उल्लेखित विषयहरुमा कुनै परिवर्तन वा फेरवदल नगर्ने नगराउने निर्णय गरियो ।

**निर्णय नं.२**

धुनिवेशी नगरपालिकाले नगरपालिका र अर्न्तगतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन परिक्षण गरी मुल्यांकनका लागि O&M सर्भे प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरी सकेको छ । उक्त प्रतिवेदन स्वीकृत भई प्रदेश किताबखानामा पद दर्ता गरी स्थायी संरचना र दरवन्दी कायम नहुंदा सम्म नगरकार्यपालिकाको कार्यालय, विषयगत शाखा कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र तथा परियोजना तर्फ करार सेवामा कार्यरत सबै कर्मचारीहरुको सेवा करार म्याद मिति २०८३ श्रावण देखी २०८४ साल आषाढ मसान्त सम्म थप गरी करार सेवा नविकरण गर्ने र नेपाल सरकारले तोकेको स्केल बमोजिमको तलब भत्ताको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३**

धुनिवेशी नगरपालिका वडा नं.२, ठूलोखोला स्थित धार्के, सितापाईला सडकसंग जोडिएको सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरी अनाधिकृत रुपमा घर टहरा निर्माण गरी भोगचलन गरेको भनी गुनासो आएको हुंदा सम्वन्धित घर टहरा निर्माण गर्ने व्यक्तिलाई हकदावीको १५ दिने म्याद दिई हकदावीको प्रमाण पेश गर्न लगाउने हकदावी पेश नगरेमा वा हकदावी नपुग्ने देखिएमा अतिक्रमित जग्गा खाली गर्न लगाउने खाली नगरेमा नगरपालिकाको तर्फबाट घर टहरा भत्काई घर टहरा हटाउंदा लागेको खर्च रकम अतिक्रमित घर टहरा धनीबाट सरकारी बाँकी सरह असुल-उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०७९ उपर तपसिल बमोजिमको संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| संशोधन हुने दफा/उपदफा | साविकको व्यहोरा | संशोधन पश्चात कायम हुने व्यहोरा |
|---|---|---|
| परिच्छेद-२को परिभाषा खण्डको २.८मा संशोधन | "सामुदायिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था, उपभोक्ता समूह, आमा समूह, क्लबहरु, सहकारी संस्था, गैरसरकारी संस्थालाई सम्झनु पर्छ। | "सामुदायिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था, उपभोक्ता समूह, आमा समूह, क्लबहरु, गैरसरकारी संस्था र यस्तै प्रकारले कुनैपनि सरकारी निकायमा दर्ता भएको संस्थाहरुलाई समेत सम्झनु पर्छ। |
| परिभाषा खण्डमा २.९ थप गर्ने | — | "संगठित संस्था" भन्नाले मुनाफाको उद्देश्य रहेको वा नरहेको नेपाल सरकारको कुनै पनि निकायमा दर्ता भएको निजी फर्म, सहकारी संस्था, कम्पनि वा यस्तै प्रकारका संस्थालाई सम्झनु पर्छ । |



Scanned with CamScanner

| | | |
|---|---|---|
| परिच्छेद ३ को दफा ३ को उपदफा ३.४ मा संशोधन | पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा तपशिल बमोजिमको समिति रहनेछ।<br>नगर प्रमुख - संयोजक<br>नगर उपप्रमुख - सदस्य<br>(क) सामाजिक विकास समितिको संयोजक - सदस्य<br>प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको१ जना महिला सहित २ जना-सदस्य<br>पर्यटन व्यवसायी, पार्क संरक्षण समिति, खेल मैदान व्यवस्थापन समिति तथा शौचालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक महिला सहित २ जना -सदस्य<br>शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत स्तरको कर्मचारी १ जना -सदस्य सचिव | पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा तपशिल बमोजिमको समिति रहनेछ।<br>नगर प्रमुख -संयोजक<br>नगर उपप्रमुख -सदस्य<br>प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको१ जना महिला सहित २ जना-सदस्य<br>सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य<br>शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत स्तरको कर्मचारी १ जना -सदस्य सचिव |
| दफा-३को उपदफा ३.५मा संशोधन | पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा तपशिल बमोजिमको समिति रहनेछ।<br>सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक<br>वडाभित्र संचालित सामुदायिक विद्यालयका प्रधानाध्यापहरु मध्येबाट समितिले मनोनित गरेको प्रधानाध्यापक १ जना -सदस्य<br>वडामा रहेका सामुदायिक संस्थाहरुको प्रतिनिधित्व हुने सामुदायिक संस्थाहरुको अध्यक्षहरु मध्येबाट वडा समितिबाट मनोनित १ जना महिला सहित २ जना -सदस्य<br>वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य १ जना -सदस्य सचिव | पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा तपशिल बमोजिमको समिति रहनेछ।<br>सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक<br>वडाभित्र संचालित सामुदायिक विद्यालयका प्रधानाध्यापहरु मध्येबाट वडा समितिले मनोनित गरेको प्रधानाध्यापक १ जना -सदस्य<br>वडा समितिले तोकेको वडा समितिको सदस्य २ जना -सदस्य<br>सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव |
| दफा-३को उपदफा-३.६ नम्बर ३६.७ मा संशोधन | पर्यटकीय/स्थल, पार्क तथा शौचालयको रेखदेख, सरसफाइ तथा व्यवस्थापनको लागि आवश्यक अनुदानको व्यवस्था गर्न कार्यपालिकामा सिफारिस गर्ने। | पर्यटकीय स्थल, पार्क तथा शौचालयको रेखदेख, सरसफाइ, संचालन तथा व्यवस्थापनको लागि सार्वजनिक सूचना प्रकाशन गरेर व्यक्ति, सामुदायिक संस्था वा संगठित संस्थाहरुलाई दिन कार्यपालिकामा सिफारिस गर्ने। |



Scanned with CamScanner

| | | |
|---|---|---|
| उपदफा ३.७ को ३.७.३मा संशोधन सम्बन्धमा | उपदफा ३.७.१ र ३.७.२ बमोजिमको कार्यको जिम्मेवारी लिनका लागि सामुदायिक संस्थाहरुबाट प्रस्ताव आह्वान गर्ने। | उपदफा ३.७.१ र ३.७.२ बमोजिमको कार्यको जिम्मेवारी पूर्णरुपमा पालन गर्न असहज भएमा व्यक्ति, सामुदायिक संस्था वा संगठित संस्थाहरुलाई दिन प्रस्ताव आव्हान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्ने । |
| उपदफा ३.७को ३.७.६ र ३.७.७ मा संशोधन | सेवा शुल्क तथा प्रवेश शुल्कको कम्तिमा २५ प्रतिशत रकम नगर पालिकाको राजश्व खातामा जम्मा गर्न लगाउने। | नगदी रसिदको व्यवस्था नगरपालिकाको राजश्व शाखाले गर्ने । |
| उपदफा ३.७.७ मा संशोधन | नगदी रसिदको स्वीकृती वडा समितिबाट गराउनु पर्ने र वडा समितिले नगदी रसिद एकिन गरी नगरपालिकामा बुझाउनु पर्ने रकम एकिन गरिदिने। | हटाईएको |
| उपदफा ३.८ मा संशोधन | समितिको बैठक सम्बन्धी व्यवस्था | दुवै समितिको बैठक सम्बन्धी व्यवस्था |
| उपदफा ३.८को ३.८.१ मा संशोधन | नगर समितिको बैठक कम्तिमा ३ महिनाको १ पटक र वडा समितिको बैठक कम्तिमा महिनाको १ पटक संयोजकले तोकेको समय, मिति र स्थानमा बस्नेछ। | नगर समितिको बैठक र वडा स्तरीय समितिको बैठक आवश्यकता पर्दा संयोजकले तोकेको समय, मिति र स्थानमा बस्नेछ। |
| परिच्छेद-६ मा संशोधन | स्थानीय व्यक्तिलाई संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको जिम्मा दिन सकिने<br>६.१.नगरपालिकाबाट निर्मित पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयहरुमा प्रतिस्पर्धा गराई संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको जिम्मा दिइने छ।<br>६.२.उपदफा ६.१ बमोजिमको प्रतिस्पर्धामा कुनै सार्वजनिक संस्था नआएमा वा उनिहरुबाट प्राप्त प्रस्ताव स्वीकृत नभएमा वडा समितिले निश्चित समयका लागि कुनै स्थानीय व्यक्तिलाई संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको जिम्मा दिन सक्नेछ।<br>६.३.उपदफा ६.२ बमोजिम जिम्मा दिदा प्रवेश शुल्क वा सेवा शुल्कका लागि नगदी रसिद वडा समितिले तयार पारी दिनु पर्नेछ । व्यक्तिको पारिश्रमिक नगदी रसिदबाट प्राप्त रकमको ७५ प्रतिशत मध्येबाट खर्च गर्न सकिने छ। २५ प्रतिशत नगद रकम वडा समितिले नगरपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ । | व्यक्ति, सामुदायिक संस्था वा संगठित संस्थालाई संरक्षण, संवर्द्धन, संचालन तथा व्यवस्थापनको जिम्मा दिन सकिने<br>६.१.नगरपालिकाबाट निर्मित पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयहरुमा प्रस्तावद्वारा प्रतिस्पर्धा गराई संरक्षण, संवर्द्धन, संचालन तथा व्यवस्थापनको जिम्मा दिइने छ।<br>६.२.प्रस्ताव आव्हान गरी सम्झौता गरेर पर्यटकीय स्थल, पार्क खेलमैदान तथा सार्वजनिक शौचालयको संरक्षण, सम्वर्धन, संचालन तथा व्यवस्थापनको जिम्मा दिँदा उक्त क्षेत्रमा रिसोर्ट, रेष्टुरेन्ट, पसल, कार्यालय वा यस्तै प्रकारका व्यवसायिक कार्य समेत गर्न पाउने गरी दिन सकिनेछ ।<br>६.३ उपदफा ६.१ बमोजिमको प्रतिस्पर्धामा कुनै व्यक्ति, सामुदायिक संस्था वा संगठित संस्था नआएमा वा उनिहरुबाट प्राप्त प्रस्ताव स्वीकृत नभएमा वडास्तरीय समितिले निश्चित समयका लागि संरक्षण, संवर्द्धन, संचालन तथा व्यवस्थापनको जिम्मा लिनु पर्नेछ । |



CS Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ६.४.उपदफा ६.३ बमोजिम जिम्मा लिंदा प्रवेश शुल्क वा सेवा शुल्कका लागि नगदी रसिद नगरपालिकाको राजश्व शाखाबाट लिनुपर्नेछ । ६.५.पर्यटकीय स्थल, पार्क खेलमैदान तथा सार्वजनिक शौचालयहरुको प्रस्ताव आव्हान गर्दा बढिमा ५ वर्षका लागि सूचना आव्हान गरिनेछ । ६.६.पर्यटकीय स्थल, पार्क खेलमैदान तथा सार्वजनिक शौचालयहरुको संरक्षण, सम्वर्धन, संचालन तथा व्यवस्थापनको जिम्मा लिने व्यक्ति, सामुदायिक वा संगठित संस्थाले संचालन तथा व्यवस्थापन गर्दा मुल स्वरुप नबिग्रिने गरी नगरपालिकाबाट स्वीकृती लिई अस्थाई संरचना बनाउन सक्नेछ । जुन संरचना सम्झौताको म्याद सकिएपछि उठाई लैजान सक्नेछ । |
| परिच्छेद-७ दफा ७ उपदफा ७ को ७.२ र ७.३ मा संशोधन | ७.२.सम्झौता रद्द हुने:- पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि जिम्मा लिएको सार्वजनिक संस्था वा व्यक्तिको काम कारवाहीमा चित्त नबुझेमा वडा समितिले नगर स्तरीय समितिलाई अनुगमनका लागि अनुरोध गर्ने सक्ने छ। नगर स्तरीय अनुगमन समितिको प्रतिवेदनका आधारमा कार्यपालिकाले वडा स्तरीय समितिले गरेको सम्झौता रद्द गरी अर्को व्यवस्था गर्नका लागि निर्देशन दिन सक्ने छ। तर सम्झौता रद्द गर्नु अघि नगर समितिले मनासिब सफाईको मौका दिनु पर्नेछ। ७.३. यस कार्यविधि जारी हुँदाका बखत धुनिवेशी नगरपालिका भित्र निर्माण भई संचालनमा रहेको पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयहरुलाई पनि यसै कार्यविधि अनुरुप संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्नुपर्नेछ। | ७.२.सम्झौता रद्द हुने:- पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयको संरक्षण, संवर्द्धन, संचालन तथा व्यवस्थापनका लागि जिम्मा लिएको संस्था वा व्यक्तिको काम कारवाहीमा चित्त नबुझेमा वडा स्तरीय समितिले नगर स्तरीय समितिलाई अनुगमनका लागि अनुरोध गर्नेछ। नगर स्तरीय अनुगमन समितिको प्रतिवेदनका आधारमा कार्यपालिकाले सम्झौता रद्द गरी अर्को व्यवस्था गर्नका लागि निर्देशन दिन सक्ने छ। तर सम्झौता रद्द गर्नु अघि नगर स्तरीय समितिले मनासिब सफाईको मौका दिनु पर्नेछ। ७.३.यस कार्यविधि जारी हुँदाका बखत धुनिवेशी नगरपालिका भित्र निर्माण भई संचालनमा रहेको पर्यटकीय स्थल, पार्क, खेल मैदान तथा सार्वजनिक शौचालयहरुलाई पनि यसै कार्यविधि अनुरुप संरक्षण, संवर्द्धन, संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ। |

**निर्णय नं.५**

जिल्ला दररेट निर्धारण समितिको निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालय धादिङ मार्फत प्राप्त आ.व.२०८३।०८४ को लागि ज्याला तथा निर्माण सामाग्रीहरुको स्वीकृत दररेटलाई आधारमानी सोही बमोजिम हुने गरी आ.व.०८३।०८४ को लागि धुनिवेशी नगरपालिकाको ज्याला तथा निर्माण सामाग्रीहरुको दररेट कायम हुने गरी ज्याला तथा निर्माण सामाग्रीहरुको दररेटलाई स्वीकृत गर्ने र नेपाल विटुमिन एण्ड ब्यारेल उद्योग प्रा.लि.बाट प्राप्त दररेटलाई आधारमानी विटुमिनको दररेट कायम गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

**निर्णय नं.६**

धुनिबेशी नगरपालिका वडा नं.९, अर्न्तगत भ्याप्लेखोला भन्ने स्थानमा रहेको सिता श्री ग्यांस उद्योगले प्रयोग गर्दै आएको साविक पानीको मुहान नागढुङ्गा सुरुङ्ग मार्ग निर्माण पश्चात बन्द हुन गई उद्योग संचालनमा कठिनाई भएको, अन्य पानीको स्रोत/मूल उपलब्ध हुन नसक्ने र डिप बोरिङ्ग, बाहेक अन्य कुनै विकल्प नभएको भनि डिप बोरिङ्गका लागि अनुमति प्रदान गरिदिन ९ नम्बर वडा कार्यालयबाट सिफारिस भई आएको देखिंदा सिता श्री ग्यांस उद्योगलाई डिप बोरिङ्ग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

आ.व.२०८२।०८३ को लागी बार्षिक स्वीकृत बजेट रकम मध्येबाट खर्च रकम भुक्तानी गर्दै जांदा आ.व.२०८२।०८३ को अन्त्य सम्ममा कार्य सम्पन्न भई भुक्तानी बाँकी भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रम र विषयगत शाखाको कार्यक्रम शिर्षकमा भुक्तानी दिन बाँकी रकम चालु आ.व.को भक्तानी बाकी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल:-**

भुक्तानी दिन बाँकी विवरण

बजेट उपशीर्षक: पुजिगत आर्थिक वर्ष: २०८२/८३

| क्र.स | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|
| १ | डुङ्गाना गाउँ खरबारी मन्दिर वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १९२७४० |
| २ | गैरीगाउँ नक्साल छापगाउँ सडक योजना वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८५००० |
| ३ | शंखदेवि मन्दिर अधुरो संरचना निर्माण योजना वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ३७९१८६ |
| ४ | कार्तिकि छापडाँडा सडक मुखमा नाली निर्माण वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १९४००० |
| ५ | गुरुकुल भवन ढलान तथा संरक्षण योजना वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४७९६५७ |
| ६ | लप्से खोलामा ह्युम पाइप तथा सडक मर्मत योजना वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ११७१२९ |
| ७ | थली ट्रस निर्माण वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८५००० |
| ८ | तल्लो लप्से दलित गुठी भवन वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १७६६१६ |
| ९ | चौलाने फाँट कृषि सडक योजना वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९४१५७ |
| १० | सिउडेनीखोला कियास्थल जुगेडी पारी गाउँ वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | २७५१५३ |



CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | तिलपुरे सडक स्तरोन्नती वडा नं ०३ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८५००० |
| १२ | देवि मन्दिर जाने गोरेटो बाटो बाहुनडाँडा वडा नं ०८ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९७००० |
| १३ | मजुवा लोहनीचोक खड्का गाँउ सडक वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९५६१२८ |
| १४ | भकदेवि मन्दिर पाटी निर्माण वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ११४००० |
| १५ | लिखु गुम्बामा शौचालय निर्माण वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ११४०९० |
| १६ | मच्छिन्द्र विघालयबाट लियो क्लब जाने बाटो ढलान/रेलिङ गर्ने योजना वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४५५०० |
| १७ | महन्तगाउँ सामुदायिक भवन निर्माण वडा नं ०२ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ६७९००० |
| १८ | पिपलमोड भट्गाउँ सडक वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४११९१७ |
| १९ | नौबिसे सन्यासीटार मगरगाउँ गोरेटोबाटो वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८३२३६ |
| २० | तोप्लाङ मन्दिर संरक्षणको लागि वाल निर्माण वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ११४००० |
| २१ | भेलेपानी सिठुवा डाँडा सिढि निर्माण वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४५५०० |
| २२ | साँघिखोला कटान निर्माण वडा नं ०३ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ५८२००० |
| २३ | धुनिबेशी खेल मैदान मर्मत सम्भार योजना वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९४७२५३ |
| २४ | महेशमति त्रिवेणि रामघाट जाने सडक वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४६११०४ |
| २५ | गौरीशंकर मन्दिर देखि वडा कार्यालय सम्म सिढी निर्माण योजना वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४५५०० |
| २६ | कालिदेवि मन्दिर टोल सिढी निर्माण वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४९२२५ |
| २७ | काफलचौर बिहानडाँडा ट्रस योजना वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८५००० |
| २८ | बाँसकोबोट लल्लो सिरानचौर गोरेटो बाटो स्तरोन्नती वडा नं ०२ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४३७९४ |
| २९ | लायन्स क्लब भवन वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९७०००० |
| ३० | गजुरेलगाउँ कोलाचौर सडक संरक्षण योजना वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ७२४७१८ |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३१ | खत्रीगाउँ पुडासैनीटोल गोरेटो बाटो स्तरोन्नती वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ११४००० |
| ३२ | रेडियो कृषि | योजनाको रकम भुक्तानी | कृषि रेडियो | ४८५००० |
| ३३ | पुरानोधार्के ऐतिहासिक पाटी संरक्षण वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ७१५५२२ |
| ३४ | काफलचौर चौरडाँडा सडक वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ६१५५४७ |
| ३५ | चण्डी पार्क निर्माण वडा नं ०३ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १७०००० |
| ३६ | सयले गौचरण कालिदेवि स्थान सिढि निर्माण वडा नं ०६ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १३८७७७ |
| ३७ | कुवापानी कर्मड हल वडा नं ०८ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४१२०१० |
| ३८ | चिलाउनेगाउँ खानेपानी अधुरो योजना वडा नं ०१ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८११८८ |
| ३९ | धाराकोचौर कुमाईखोला खानेपानी वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १५५२०० |
| ४० | अमलेचौर तिरतिरेधारा अग्नी नियन्त्रण सडक वडा नं ०२ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १४५३६२ |
| ४१ | सिरानचौर असलेचौर खानेपानी योजना वडा नं ०२ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ३५५११० |
| ४२ | बरभञ्याङ ताप्केचौर सडक अन्तर्गत हरिशरण भुजेलको घरको पुर्वपट्टी बाटो वाल /पर्खाल लगाउने वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४८५००० |
| ४३ | फाल्टुडी बाह्रेपैरा खानेपानी योजना वडा नं ०२ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ७२४६७५ |
| ४४ | सानाकिसान सहकारी संस्था जिवनपुर अधुरो संरचना निर्माण वडा नं ०४ | ठेक्काको रकम भुक्तानी | सम्बन्धित नि.व्य | ११५२०३२ |
| ४५ | खानीखोला बरघुम्की, सडक ढल व्यवस्थापन वडा नं ०७ | ठेक्काको रकम भुक्तानी | सम्बन्धित नि.व्य | १३२४४६२ |
| ४६ | नौबिसे पार्क वडा नं ०६ | ठेक्काको रकम भुक्तानी | सम्बन्धित नि.व्य | १५०४३६९ |
| ४७ | डुम्रेचौर महेशफाँट सडक वडा नं ०२ | ठेक्काको रकम भुक्तानी | सम्बन्धित नि.व्य | ८५०३६६ |
| ४८ | भैरव प्रसाद कोइराला समेतले प्रयोग गर्ने खानेपानी मर्मत वडा नं ०६ | पाइप खरिद बापतको रकम | रुपाखेती जनरल एण्ड सप्लायर्स | ११३०० |
| ४९ | ढोस्नेखोला खानीगाउँ खानेपानी योजना वडा नं ०८ | पाइप खरिद बापतको रकम | एस.अर.इन्टरप्राइजेज | ३२५३९ |
| ५० | लामिछानेटार खानेपानी योजना वडा नं ०५ | पाइप खरिद बापतको रकम | रुपाखेती जनरल एण्ड सप्लायर्स | ४७२६१ |



CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५१ | वडा प्रोफाइल निर्माण वडा नं ०५ | प्रोफाइल निर्माण बापत | कृषि रेडियो | १००००० |
| ५२ | खानीखोला बरधुम्की धार्के बागवानी सडकको विभिन्न स्थानमा ग्राबेल | मेसिन भाडा र गाडी भाडा | पाण्डे एण्ड रुपाखेती कन्ट्रक्सन | २००२४३ |
| ५३ | डडुवा दलितबस्ती खानेपानी आयोजना | खानेपानी तान्ने मेसिन जडान बापत | भान्जा इलेक्ट्रिक सेन्टर | ३४४३५ |
| ५४ | वडा नं ०६ भवनमा कोठा पार्टेशन | कोठा पार्टेशन बापत | काठमाडौं आल्नियम हाउस प्रा.लि | ५८००५ |
| ५५ | वडा नं ०६ भवनमा कोठा पार्टेशन | कोठा पार्टेशन बापत | टंकेघर शक्ति हार्डवेयर | ४७२९ |
| ५६ | पार्वती सापकोटाको बस्ती संरक्षण वेस्ट पानी निकास | बस्ती संरक्षण गर्न पाइप खरिद | रुपाखेती जनरल एण्ड सप्लायर्स | २१३४० |
| ५७ | ढकालखोला न्यौपाने डाँडा खानेपानी योजना वडा नं ०५ | पाइप र खानेपानी इन्टेक मर्मत | ढकालखोला न्यौपानेडाडा खानेपानी | २९१०० |
| ५८ | गुरुदुम पधेरा खोलाबाट खानेपानी लिफ्टिङ | पम खरिद तथा मर्मत | तेज इनर्जी सोलुशन नेपाल प्रा.लि | २१०५४ |
| ५९ | गुरुदुम पधेरा खोलाबाट खानेपानी लिफ्टिङ | पम खरिद तथा मर्मत | सर्पोट इन्टरनेशनल | ६८९६६ |
| ६० | तोप्लाङ सामुदायिक भवन वडा नं ०७ | ठेक्काको रकम भुक्तानी | सम्बन्धित नि.व्य | १५८०००० |
| ६१ | तोप्लाङ सामुदायिक भवन वडा नं ० | | सम्बन्धित नि.व्य | १२०००० |
| ६२ | वडा कार्यालयको विविध खर्च (रङरोगन तथा कलात्मक चित्र बनाउने) | योजनाको रकम भुक्तानी | सम्बन्धित नि.व्य | १४०४०३ |
| ६३ | सिद्धेश्वर विन्दवासिनी मन्दिर संरक्षण वडा नं ०१ | योजनाको रकम भुक्तानी | सम्बन्धित निर्माण व्यवसायी | ५४५९३६ |
| ६४ | पुरानो खैरेनी बजार स्याउली बजार सडक वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १९३११९ |
| ६५ | तल्लो मिजारगाउँ जामुनेडाँडा सडक योजना वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ३७८७७० |
| ६६ | भुवनेश्वरी मन्दिर मर्मत वडा नं ०५ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४३९५०७ |
| ६७ | कुहुले चौतारा चाइनिज भट्टा बगैंचा मोटर बाटो स्तरोन्नती वडा नं ०८ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ८६३६८ |
| ६८ | नगर अस्पताल गेट अगाडी प्रोटेक्सन वाल निर्माण वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४७००६७ |
| ६९ | केराबारी थली गुरुदुम सडक वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९६४५६९ |
| ७० | ९ नं वडा भरीको खानेपानी मर्मत | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | २९१००० |
| ७१ | निशाकोट सुनारगाउँ सडक निर्माण वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १५०६३० |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७२ | ठाटी मैराघाट दुङ्गेपानी र डहर बाहविसे सडक स्तरोन्नती वडा नं ०४ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ४६९८८३ |
| ७३ | लामागाउँ सार्कीटार सडक वडा नं ०१ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ५१७३२२ |
| ७४ | दुङ्गेधारा संरक्षण वडा नं ०९ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.सं | ११९७२४ |
| ७५ | काफलचौर कुभिण्डे खानेपानी मर्मत सम्भार योजना | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ९२५१२ |
| ७६ | चैते कियापुत्री भवन खानी खोला वडा नं ०७ | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | ३१५८२५ |
| ७७ | मेलको कुलो मर्मत बद्री उप्रेतीको घर अगाडी | योजनाको रकम भुक्तानी | सम्बन्धित उ.स | १२४११५ |
| | | | जम्मा | ३०६२११७ |

बजेट उपशीर्षक: चालु आर्थिक वर्ष: २०८२।८३

| सि.नं. | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|
| १ | भ्रमण भत्ता | भ्रमण भत्ता | विभिन्न कर्मचारीहरु | ७५८०० |
| २ | चुलो वितरण कार्यक्रम | खाजा खर्च | 3 नं वडा सचिव | ४१५० |
| ३ | चुलो वितरण कार्यक्रम | खाजा खर्च र ढुवानी | सफल कुवर | २९२४० |
| ४ | विविध खर्च | कार्यालयमा कुचो सरसफाई सामाग्री खरिद | अन्सुकुमारी इन्टरप्राइजेज | ३५५० |
| ५ | बिविध खर्च | सामान खरिदको शोधभर्ना | पुर्ण धिताल | ४१२२ |
| ६ | वडा कार्यालय विविध खर्च | ३ नं वडा कार्यालयमा सामाग्री खरिद | 3 नं वडा सचिव | ९८२० |
| ७ | वडा कार्यालय विविध खर्च | वडा कार्यालयमा सरसफाई तथा फाइल व्यवस्थापन | 7 नं वडा सचिव | ५३१०० |
| ८ | विविध खर्च | विविध कार्यक्रममा भएको खाजा खाना खर्च | धुनिवेशी हिल एण्ड हाई क्याफे | २७६६३ |
| ९ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सामाग्री खरिद वापत | रुपा इन्टरनेशनल प्रा.लि | ३८४२० |
| १० | कम्पुटर तथा मेशिनरी मर्मत सम्भार | मर्मत खर्च | श्रेष्ठ इन्टरप्राइजेज | ९९९२ |
| ११ | एसी जडान र मर्मत | कृषि शाखामा एसि जडान | सिद्धार्थ मेन्टेनेन्स तथा सर्भिस सेन्टर | २३१६० |
| १२ | कम्पुटर तथा प्रिन्टर मर्मत | सम्झौता वापतको रकम | सनराइज इन्टरनेशनल आ.इ.टी सेन्टर | ८४७५० |
| १३ | विद्युतीय उपकरण खरिद | इन्टरनल हार्ड ड्राइभ खरिद | जामी इन्टरनेशनल | ४०६०० |
| १४ | विद्युतीय उपकरण खरिद | पेनड्राइभ खरिद | ओसिस कम्पुटर लर्निङ एण्ड ट्रेनिङ सेन्टर | २३००० |
| १५ | फर्निचर तथा फिक्चर्स | कार्यालयमा फर्निचर खरिद | कुशल सप्लायर्स | १०२४१८ |



CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १६ | फर्निचर तथा फिक्चर्स | कार्यालयमा फर्निसिङ खरिद | प्रयान्स डेकोर | २३१३० |
| १७ | बोरिङ गरिएका खा.पाको विघुत महशुल | बोरिङ गरिएका खा.पाको विघुत महशुल | सुवारा सिग्देलगाउँ डिप बोरिङ खा.पा | ८६१३ |
| १८ | बोरिङ गरिएका खा.पाको विघुत महशुल | बोरिङ गरिएका खा.पाको विघुत महशुल | पाल्लेपानी खानेपानी योजना | ३१४९८ |
| १९ | बोरिङ गरिएका खा.पाको विघुत महशुल | बोरिङ गरिएका खा.पाको विघुत महशुल | कोटकालिका खा.पा | ४५२५० |
| २० | पानी तथा बिजुली | खानेपानी महशुल वापतको रकम | बेविका चौधरी | २५३८ |
| २१ | संचार महशुल | स्वास्थ्य संस्थाको इन्टरनेट महशुल | सितापाइला केवल नेट प्रा.लि | १८७९१२ |
| २२ | संचार महशुल | वडा कार्यालयको इन्टरनेट जडान | सितापाइला केवल नेट प्रा.लि | १४५००३ |
| २३ | संचार महशुल | आइसोलेसन भवनको इन्टरनेट वापत | सुविसु लिमिटेड | १०००० |
| २४ | सडक सरसफाई कर्मीको ज्याला | ज्याला वापतको रकम | तेजु परियार/दिपक परियार | १३००० |
| २५ | सडक सरसफाई कर्मीको ज्याला | ज्याला वापतको रकम | लक्ष्मण तामाङ/रामकृष्ण मिजार | ७६११० |
| २६ | सडक सरसफाई कर्मीको ज्याला | ज्याला वापतको रकम (वडा नं ०१) | रुद्र बहादुर भारती/ योगेन्द्र डंगोल | ३००९० |
| २७ | वडाध्यक्ष सँग बालबालिका कार्यक्रम | गितार तथा अन्य खरिद | स्माइल इन्टरनेशनल ट्रेड कन्सर्न | ५४५०५ |
| २८ | वडाध्यक्ष सँग बालबालिका कार्यक्रम | प्रशिक्षक भत्ता तथा अन्य स्टेशनरी | डिल्ली सावित्रि मा.वि | ४५४९५ |
| २९ | अनुगमन तथा मुल्याङकन | अनुगमन समितिको बैठक भत्ता | समितिको सदस्यहरु | ६२४००० |
| ३० | होमस्टे अनुगमन भत्ता | अनुगमन वापतको भत्ता | होमस्टे अनुगमन समितिका सदस्यहरु | २३००० |
| ३१ | बैठक भत्ता | भु-उपयोग परिषद्को बैठक भत्ता | परिषदका सदस्यहरु | ५३००० |
| ३२ | बैठक भत्ता | राजश्व परामर्श समितिको बैठक भत्ता | राजश्व परामर्श समितिको सदस्यहरु | ५३०९० |
| ३३ | घरभाडा | कर संकलन केन्द्रको घरभाडा | सुर्यमान तामाङ | ९००० |
| ३४ | घरभाडा | दमकल पार्किङ स्थल को भाडा | निरन्जन खरेल | ११६९६० |
| ३५ | वकालत दस्तुर | नगरपालिकाको पक्षमा बहस पैरवी | इनोभेसन ल फर्म प्रा.लि | ७६,००० |
| ३६ | वकालत दस्तुर | नगरपालिकाको पक्षमा बहस पैरवी | लिगल एड्भाइजर फोरम | ११३००० |



CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३७ | सवारी भाडा | ब्याक हो लोडर मर्मतको लागि सामान लिएर आएको | सन्तोष गिरी | ७००० |
| ३८ | ब्याक हो लोडर मर्मत | मर्मत बापतको रकम | सन्तोष गिरी | ६१४० |
| ३९ | ब्याक हो लोडर मर्मत | ब्याक हो लोडर मर्मत | अरबिट अर्थवर्कस एण्ड ट्रेनिङ प्रा.लि | ५२८७९२ |
| ४० | सवारी मर्मत | बस मर्मत बापत | संदिप रेग्मी | १५४५० |
| ४१ | एम्बुलेन्स मर्मत | नौविसे स्वा.चौ.एम्बुलेन्स मर्मत बापत | शुभ श्री इन्टरनेशनल | १६१३८६ |
| ४२ | सवारी मर्मत | बोलेरो मर्मत बापत | शुभ श्री इन्टरनेशनल | ३३१२३१ |
| ४३ | सवारी मर्मत | 2249 नं मो.सा मर्मत | फर्मूलाह वर्कशप | १९८४० |
| ४४ | सवारी मर्मत | 7842 नं को मो.सा मर्मत | बाजेको रिकन्डिसन वर्कशप | १०९५० |
| ४५ | सवारी मर्मत | 455 नं को मो.सा मर्मत | आ.एम मोटर प्रा.लि | ९०४० |
| ४६ | सवारी मर्मत | 2246 नं को मो.सा मर्मत | कालिका माई वर्कशप | १९१०० |
| ४७ | सवारी मर्मत | 0948 नं को मो.सा मर्मत | कालिका माई वर्कशप | १८०६५ |
| ४८ | सवारी मर्मत | 7840 नं को मो.सा मर्मत | बाजेको रिकन्डिसन वर्कशप | ६९०० |
| ४९ | सवारी मर्मत | 0947 नं मो.सा मर्मत | फर्मूलाह वर्कशप | १३२६० |
| ५० | सवारी मर्मत | 2822 नं को सवारी साधन मर्मत | सिप्रदी ट्रेडिङ प्रा.लि | ३६४०९५ |
| ५१ | सवारी मर्मत | नौविसे स्वा.चौ.एम्बुलेन्स मर्मत बापत | दिक्षा ईन्जिनियरिङ प्रा.लि | ४६६८० |
| ५२ | परामर्श सेवा | ओ एण्ड एम सर्वे | इन्स्टिच्युट अफ स्टेट एण्ड गभर्नेन्स एफियर्स प्रा.लि | ४९९००० |
| ५३ | उत्पादन सामाग्री/ सेवा खर्च | श्रव्य दृश्य सामाग्री उत्पादन | नेपाल सोसल इ मिडिया प्रा.लि | १९९००० |
| ५४ | परामर्श सेवा | कानूनी सल्लाहकारको सेवा सुविधा | नमराज रिजाल/अभिलेख ल च्याम्बर | ८९२३० |
| ५५ | सभा संचालन खर्च | फ्लेक्स ब्यानारको रकम | खानीखोला आइटी सेन्टर | ९२०० |
| ५६ | सभा संचालन खर्च | होर्डिङ बोर्ड बनाए बापत | अनुदिप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०३४० |
| | | | जम्मा | ४८९३००८ |

वजेट उपशीर्षक: विषयगत | आ.व. २०८२।८३

| सि.नं. | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालय संचालन तथा व्यवस्थापन | विद्यालय अनुदान | त्रिकुटेश्वरी मा.वि | १५५००० |
| २ | उपचार खर्च | बिरामी सुधार केन्द्रमा राखिएको उपचार खर्च | सम्बन्धित व्यक्ति/संस्था | ७२००० |
| ३ | विशेषज्ञ चिकित्सक स्वास्थ्य सेवा कार्यक्रम | बृहत स्वास्थ्य शिविर संचालन | सिटि युनिक इभेन्ट म्यानेजमेन्ट लगायत | १७७३७५ |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | म.स्वा.स्व.सेविका कोष अनुदान | कोषमा रकम जम्मा गर्ने | ३ वटा स्वास्थ्य चौकी | ३००००० |
| ५ | शहरी स्वास्थ्य केन्द्र स्थापना तथा संचालन | कार्यक्रम संचालन खर्च | स्वास्थ्य चौकी तथा केन्द्रका कर्मचारीहरु | ५१४०० |
| ६ | कृषि यान्त्रिकरण-मिनिटिलर खरिद | खरिद बापतको | पौडेल सप्लायर्स | १५५१४०० |
| ७ | कफि खेती प्रवर्द्धन कार्यक्रम | कफि खेती कार्यक्रम बापत | निराजन रेग्मी | ६७३०० |
| ८ | कफि खेती प्रवर्द्धन कार्यक्रम | कफि खेती कार्यक्रम बापत | पार्वती अधिकारी | ८६०२० |
| ९ | कफि खेती प्रवर्द्धन कार्यक्रम | कफि खेती कार्यक्रम बापत | पि.वि.एस.एस कृषि तथा पशुपन्छी फर्म | ८६०२० |
| १० | नागरिक आरोग्य स्वास्थ्य सेवा | घुम्ती स्वास्थ्य सेवा कार्यक्रम बापत | कविता बसौला | २६५०० |
| ११ | दिवसिय कार्यक्रम | दलित जनप्रतिनिधिको भेला तथा अभिमुखीकरण कार्यक्रम | होटल सारथी/बागेश्वरी युक्स | ६३५१८ |
| १२ | कार्यक्रम खर्च | व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम संचालन | रमेश श्रेष्ठ | ९८१०० |
| १३ | बुहारी छात्रवृत्ति कार्यक्रम | छात्रवृत्ति बापतको रकम | मछिन्द्र बहुमुखी कार्यक्रम | ३२७३०० |
| १४ | बुहारी छात्रवृत्ति कार्यक्रम | छात्रवृत्ति बापतको रकम | धुनिवेशी आदर्श क्याम्पस | १६५००० |
| १५ | अन्य तह संघ संस्था सँग साझेदारी | महादेवस्थान मा.वि मा फर्निचर खरिद | महादेवस्थान मा.वि | २५०००० |
| १६ | शैक्षिक क्यालेण्डर निर्माण | बैठक भत्ता तथा खाजा खर्च | समितिका सदस्यहरु र धुनिवेशी हिल क्याफे | ११८०० |
| १७ | खेलाडी सम्मान कार्यक्रम | खेलाडी सम्मान कार्यक्रम संचालन खर्च | केशव ब महरा | ५५१४७ |
| | जम्मा | | | ३५८२६८० |

**निर्णय नं.८**

आ.व.२०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ठेक्का मार्फत संचालन भएका योजना तथा कार्यक्रमहरु मध्ये सम्झौता भई कार्यसम्पन्न हुन नसकेका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न म्याद २०८३ साल पौष मसान्त सम्म थप गर्ने र स्वीकृत बजेट रकमको



CS Scanned with CamScanner

सिमा भित्र रही थप भएको कार्य सञ्चालन म्याद भित्र कार्य सम्पन्न गराई चालु आ.व.को भुक्तानी बाकी खर्च शिर्षकबाट बजेट व्यवस्थापन गरी खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | ठेक्का नं | ठेक्काको नाम | सम्झौता मिति | भुक्तानी बाँकी रकम |
|---|---|---|---|---|
| १ | 7/WORKS/ NCB/DM/2082/83 | Jhaplekhola-Jugedi-Machhindraban-Koiralatar-Chalise Sadak Nirantarta | 2082/09/09 | 7729035.1 |
| २ | 8/WORKS/ NCB/DM/2082/83 | Dovan-Tinchhange-Likhu-Toplang (View Tower) Pakki Sadak Staronatti Nirantarta Ward No-7 | 2082/09/01 | 3520637.81 |
| ३ | 9/WORKS/ NCB/DM/2082/83 | Dumrechour Maheshphat Sadak Ward no 2. | 2082/10/04 | 3131499.49 |
| ४ | 12/WORKS/ NCB/DM/2082/83 | Dhobikhola Bhange Bhirpani Koplu Sadak Ward no 3 | 2082/11/28 | 2767832.87 |
| ५ | 15/WORKS/ NCB/DM/2082/83 | Koldanda dekhi Sunargaun Sadak Purbadhar Nirman Tatha Basti Samarakshan Ward no-09 | 2082/09/23 | 395006.5 |
| ६ | 26/WORKS/ NCB/DM/2082/83 | Naubise Park ward no 6 | 2083/02/04 | 816943.04 |
| ७ | 27/WORKS/ SQ/DM/2082/082 | Sikrekhola Ranagaun Sadak Ward No 9 | 2082/12/26 | 384921.72 |
| ८ | 38/WORKS/ NCB/DM/2082/83 | Barabot Jayamari Sadak Kalopatra Yoajana | 2083/01/30 | 11151165.42 |
| ९ | 39/WORKS/ NCB/DM/2082/83 | Construction of Bhuwaneshwori School | 2083/01/11 | 950838.15 |
| १० | 44/WORKS/ NCB/DM/2082/83 | Krishi Hatbazar Nirman,Guard House Nirman,Sarbajanik Sauchalaya Ra Dhunibeshi Park Bewastpan | 2083/02/25 | 5046034.91 |
| ११ | 45/WORKS/ NCB/DM/2082/83 | Nursery Bewastpan garnee karya | 2083/02/06 | 1790582.01 |
| १२ | 48/GOODS/ NCB/DM/282/83 | Ganesh Marg- Parthok- Kathok-Kafalchaur Sadak Improvement | 2083/03/17 | 4385178.83 |
| १३ | 49/WORKS/ NCB/DM/2082/83 | Briddhashramsthal Jani Bato Samrakshan | 2083/03/22 | 2938457.58 |
| १४ | 50/WORKS/ NCB/DM/2082/83 | Lamichhanetar Dhakrebas Sadakma wall Tatha Dhal Bewbestapan | 2083/03/18 | 1402258.61 |
| १५ | 52/WORKS/ NCB/DM/2082/83 | Jagga Sanraxan Karya | 2083/03/18 | 1243345.65 |
| | | | Total | 47653737.68 |

**निर्णय नं.९**

**क) सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिलाई पूर्णता दिने सम्बन्धमा**

**निर्णयः-** सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ बमोजिम सामुदायिक विद्यालयका छात्राहरुको लागि आवश्यक सेनेटरी प्याड वितरण तथा व्यवस्थापन गर्ने कार्यमा गुणस्तरीयता जाँच सहजीकरण, अनुगमन गर्ने कार्यका लागि उक्त कार्यविधिको दफा १४ को उपदफा १ (ख) बमोजिमको सदस्यमां कार्यपालिका सदस्य विना मिजारलाई तोक्ने र अन्य सदस्यहरुको हकमा तोकिए बमोजिम नै हुने निर्णय गरियो ।



Scanned with CamScanner

## ख) स्थानीय आवधिक शैक्षिक योजना निर्माण गर्ने सम्बन्धमा

**निर्णयः-** स्थानीय शिक्षा योजना निर्माण दिग्दर्शन २०७९ (परिमार्जित २०८१) बमोजिम शिक्षा सम्वन्धी आवधिक योजना निर्माण गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन तहमा लैजाने र शैक्षिक कार्यक्रमलाई थप व्यवस्थित बनाई नतिजामुलक उपलब्धि हासिल गर्ने गराउने कार्यजिम्मेवारी शिक्षा समितिलाई दिने निर्णय गरियो ।

## ग) विद्यालय कर्मचारी तथा शिक्षकहरुको सेवा सुविधा थप गर्ने सम्बन्धमा

**निर्णयः-** आ.ब. २०८३।०८४ का लागि नगरसभाबाट स्वीकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुमा कार्यरत नगर अनुदानका शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको सेवा सुविधाको रकममा थप गरी तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसिलः-**

क. नगर शिक्षक अनुदानमा कार्यरत शिक्षकहरुलाई १ महिना बराबर पर्व खर्च र नियमानुसार पोपाक खर्च

ख. बालविकास शिक्षक रु.२०,०००। (संघिय सशर्त १२,०००।समेत)

ग. कार्यलय सहयोगि रु. १९,०००।(संघिय सशर्त १०,०००।समेत)

घ. विद्यालय सहायक (लेखापाल)रु. २१,०००।(संघिय सशर्त १५,०००।समेत)

ङ. नगर अनुदानबाट तलब भत्ता प्राप्त गर्ने गरी नियुक्ति भएका बालविकास शिक्षकहरुको हकमा पनि अन्य बालविकास शिक्षकहरु अनुसार नै कायम हुने ।

## घ) विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान गर्ने सम्बन्धमा

**निर्णयः-** नव प्रतिभा आ.वि. र खैरेनी आ.वि. धुनिवेशी नगरपालिका वडा नं.४ मा शैक्षिक वर्ष २०८३ मा कुनै पनि बालबालिका अध्ययनरत नभएको र महालक्ष्मी आ.वि. गैरीगाउँ तथा थुङ्गी आ.वि. धुनिवेशी नगरपलिका वडा नं.१ मा कक्षागत रुपमा विद्यार्थीहरु नभएको कारण उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नगरपालिकाको शिक्षा दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धी कार्यविधि-२०८० को प्रावधान बमोजिम निम्नानुसार विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान गर्ने निर्णय गरियो ।

**विद्यालय समायोजन तर्फः-**

| क्र.स. | समायोजन हुने विद्यालयको नाम | समायोजन गरिने विद्यालयको नाम | सञ्चालित कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | नव प्रतिभा आ.वि. धु.न.पा.४ | त्रिकुटेश्वरी मा.वि. धु.न.पा.३ | बालविकास केन्द्र | मातृ विद्यालय तोकि समायोजन गरिएको |
| २ | खैरेनी आ.वि. धु.न.पा.४ | भुवनेश्वरी मा.वि. धु.न.पा.५ | ०-५ कक्षा | पुर्ण समायोजन |
| ३ | भाद्रपुरी सानाकिसान बालविकास केन्द्र धु.न.पा.२ | दशरथचन्द्र मा. वि. धु.न.पा.२ | बालविकास केन्द्र | मातृ विद्यालय तोकि समायोजन गरिएको |
| ४ | नारायण बालविकास केन्द्र धु.न.पा.२ | महेन्द्रोदय मा.वि. मैदान धु.न.पा.१ | बालविकास केन्द्र | मातृ विद्यालय तोकि समायोजन गरिएको |
| ५ | सेतिदेवि आ.वि. धुनपा-७ | मच्छिन्द्र मा.वि. धुनपा-७ | बालविकास केन्द्र. | पुर्ण समायोजन |



Scanned with CamScanner

## शिक्षक दरवन्दी मिलान तर्फः-

| क्र.स. | शिक्षकको नाम थर | तह/श्रेणी | पद | हाल कार्यरत/काजमा रहेको विद्यालय | पदस्थापना गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेमनाथ पौडेल | प्रा.शि तृतीय राहत | प्राथमिक शिक्षक | महालक्ष्मी आ.वि. गैरीगाउँ धु.न.पा.१ | महांकालेश्वरी मा.वि. .न.पा.३ | पदस्थापना |
| २ | सविना अधिकारि | प्रा.वि तृतीय राहत | प्राथमिक शिक्षक | महालक्ष्मी आ.वि. गैरीगाउँ धु.न.पा.१ | महेन्द्रोदय मा.वि. चिलाउने गाउँ धु.न.पा.१ | पदस्थापना |
| ३ | इश्वरी नेपाल | प्रा.वि तृतीय स्थायी | प्राथमिक शिक्षक | धुङगी आ.वि. धु.न.पा.१ | महेन्द्रोदय मा.वि. मैदान धु.न.पा.१ | पदस्थापना |
| ४ | शेखर न्यौपाने | प्रा.शि तृतीय राहत | प्राथमिक शिक्षक | खैरेनी आ.वि. धु.न.पा.४ | त्रिकुटेश्वरी मा.वि. धु.न.पा.३ | पदस्थापना |
| ५ | सुभद्रा चौलागाँई | प्रा.शि तृतीय करार | प्राथमिक शिक्षक | खैरेनी आ.वि. धु.न.पा.४ | जीवनपुर कुलचन्द्र आ.वि. धु.न.पा.३ | पदस्थापना |
| ६ | लक्ष्मी पण्डित | प्रा.शि तृतीय स्थायी | प्राथमिक शिक्षक | खैरेनी आ.वि. धु.न.पा.४ | महादेवस्थान मा.वि. धु.न.पा.५ | पदस्थापना |
| ७ | अर्जुन आचार्य | प्रा.शि प्रथम स्थायी | प्राथमिक शिक्षक | खैरेनी आ.वि. धु.न.पा.४ | ज्वालामूखी आ.वि. धु.न.पा.८ | पदस्थापना |
| ८ | अप्सरा नेपाल | करार | बालविकास शिक्षक | खैरेनी आ.वि. धु.न.पा.४ | भुवनेश्वरी मा.वि. धु.न.पा.५ | पदस्थापना |
| ९ | कमला नेपाल | करार | बालविकास शिक्षक | नव प्रतिभा आ.वि. धु.न.पा.४ | त्रिकुटेश्वरी मा.वि. धु.न.पा.३ | पदस्थापना |
| १० | सोनी बराल | करार | कार्यालय सहयोगी | खैरेनी आ.वि. धु.न.पा.४ | भुवनेश्वरी मा.वि. धु.न.पा.५ | पदस्थापना |

**निर्णय नं.१०**

कृषि विकास कार्यक्रम संचालन कार्यविधि-२०८३ उपर दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएकोले उक्त कार्यविधि कार्यान्वयनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८३ उपर दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएको हुँदा उक्त कार्यविधि कार्यान्वयनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ (विविध-क)**

धुनिवेशी नगरपालिकाको कृषि विकास शाखामा आ.व.२०७६।०७७ मा दर्ता भएको दर्ता नं.०८ को श्री लालिगुराँस बाख्रा पालक कृषक समुह खारेजीका लागि समुहको निर्णय, वडाको सिफारिस र अन्य आवश्यक कागजात सहितको निवेदन कृषि विकास शाखामा प्राप्त भई समुह खारेजीका लागि प्रस्ताव पेश भएको देखिँदा उक्त कृषक समुहले पेश गरेको निवेदन एवं संलग्न कागजातहरु सम्वन्धित शाखाले रुजु गरी दायित्व बाँकी बक्यौता भए नभएको हेरी दायित्व फरफारक भई सकेको अवस्था भए वा कोही कसैको हक दावी नभए लालिगुराँस बाखा पालक कृषक समुहको दर्ता खारेजीका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

निर्णय नं.१२ (विविध-ख)

धुनिवेशी नगरपालिका र मातहतका कार्यालयहरुमा सेवा करार सम्झौता बमोजिम करार सेवामा कार्यरत सबै करार सेवाका कर्मचारीहरुलाई धुनिवेशी नगरपालिकाको नीति अनुसार नेपाल सरकारले तोके बमोजिम मासिक रुपमा रु.५ हजार रुपैयाँ महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२ (विविध-ग)

धुनिवेशी नगरपालिका वडा नं.६ मा अत्याधुनिक ईन्सिनेरेटर मेसिन तथा उपकरण जडान गरी स्वास्थ्य संस्थाबाट उत्सर्जन भएका वा उपचारात्मक क्रियाकलापमा प्रयोग भई सुरक्षित ढङ्गबाट विसर्जन गर्नुपर्ने चिकित्साजन्य फोहोरहरुलाई पून: प्रयोगमा ल्याउन सकिने गरी प्रशोधन, शुद्धिकरण र वातावरणमैत्री ढङ्गबाट व्यवस्थापन गर्न अनुमति पाउँ भनि श्री इन्सोर थ्रो वेष्ट कम्पनिले माग निवेदन गरेको देखिंदा वातावरणीय प्रभाव नपर्ने गरी र IEE प्रतिवेदन प्रतिकुल नहुने गरी स्वास्थ्य सेवा सम्बन्धी संस्थाबाट उत्पन्न हुने चिकित्साजन्य फोहोरहरुको सुरक्षि शुद्धिकरण, प्रशोधन तथा वातावरणीयमैत्री ढंगबाट नष्ट गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.१२ (विविध-घ)

धुनिवेशी नगर क्षेत्र भित्र संचालन भई रहेका वा संचालनका क्रममा रहेका उद्योगी एवं व्यवसायीहरुले आर्थिक ऐन-२०८३ बमोजिम व्यवसाय दर्ता एवं नविकरण गरी व्यवसाय संचालन गरे/नगरेको अनुगमन गरी स्थलगत रुपमा व्यवसाय दर्ता एवं नविकरण सम्बन्धी सेवा घर दैलोमा उपलब्ध गराई उद्योगी व्यवसायीहरुको लगत संकलन र कानूनी दायरामा ल्याउनमा लागि मिति २०८३।०५।०१ देखी नगर क्षेत्र भित्र स्थलगत रुपमा घुम्ती टोली परिचालन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.१२ (विविध-ङ)

स्थानीय सरकार संचालन ऐन-२०७४ र पशु स्वास्थ्य तथा पशु सेवा ऐन-२०५५ को भावना अनुकुल हुने गरी व्यवसायिक बंगुर फार्म दर्ता तथा संचालन गर्ने सम्वन्धि मापदण्ड-२०८३ को मस्यौदा तयार गरी छलफलका लागि पेश भएको र उक्त मापदण्ड उपर दफाबार रुपमा छलफल गर्ने कार्य समेत सम्पन्न भएकोले व्यवसायिक बंगुर फार्म दर्ता तथा संचालन मापदण्ड-२०८३लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ (विविध-च)

नेपाल कानून व्यवसायी परिषद् कुपण्डोल ललितपुरमा दर्ता भई काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरनगरपालिका वडा नं.११ माईतीघर, काठमाण्डौमा कार्यालय रहेको श्री अभिलेख ल च्याम्बर नामक एकल कानून व्यवसायी फर्मका वरिष्ठ अधिवक्ता एवं यस नगरपालिकाका कानूनी सल्लाहकार श्री नमराज रिजालले यस नगरपालिकासँग सेवा करार सम्झौता गरी कानूनी सेवा उपलब्ध गराउँदै कानूनी सल्लाहकारका रुपमा समेत कामकाज गर्दै आउनु भएकोमा आ.व.२०८३।०८४ का लागी समेत सहायकस्तर पाँचौं तहको कर्मचारीले मासिक रुपमा पाउने तलब स्केल बराबरको रकम मासिक रुपमा भुक्तानी पाउने गरी सेवा करार म्याद २०८३ साल श्रावण १ देखी २०८४ साल आषाढ मसान्त



CS Scanned with CamScanner

सम्म कायम गर्ने र अन्य कार्यको हकमा सम्झौतामा उल्लेख भए बमोजिम सेवा सुविधा प्राप्त हुने गरी सेवा करार म्याद थप र सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ (विविध-छ)**

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (का.मू. प्रमुख सचिवस्तर)को मिति २०८३।०४।२६ को निर्णयानुसार मिति २०८३।०४।१३ देखी जेष्ठता कायम हुने गरी शिक्षा शाखामा रिक्त रहेको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समुह, अधिकृतस्तर नवौ तह शिक्षा उप-निर्देशक पदमा श्री केशव ज्ञवाली (क.सं.नं.१७७५१०) लाई बढुवा नियुक्ति गरी शिक्षा शाखाको शिक्षा उप-निर्देशक पदमा पदस्थापन गर्ने निर्णय गरियो ।



CS Scanned with CamScanner